प्रति शेयर रु.१००/- अंकित दरको
२,८०,००० कित्ता
हकप्रद शेयरको निष्कासन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

सूर्योदय लघुवित्त वित्तीय संस्था लि.

Suryodaya Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालयः स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १
फोनः ९७७-६३-४२११८७, फ्याक्सः ९७७-६३-४२१२२७
इमेलः suryodayalaghubitta@gmail.com, वेबसाइटः www.suryodayalaghubitta.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्कासन खुल्ला मितिः २०७४/११/२५ गते
निष्कासन बन्द हुने मितिः २०७४/१२/२९ गते
(बैकिङ्ग समय पश्चात्)

१० कित्ता शेयर बराबर नयाँ ७ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

वित्तीय संस्थाको विद्यमान रु. ४ करोड बराबर चुक्ता पूँजीमा दश शेयर बराबर नयाँ सात (१० : ७) शेयरको अनुपातमा रु.१००/- अंकित दरका २,८०,००० कित्ता हकप्रद शेयर मिति २०७४/१०/२५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डवाट "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७४/१०/११ गते ।

१. संगठित संस्थाको नाम : सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड (SURYODAYA LAGHUBITTA BITTIYA SANSTHA LTD.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १ नेपालमा रहेको छ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार "घ" वर्गको १५ जिल्ला कार्यक्षेत्र भएको लघु वित्त वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस वित्तीय संस्थाको स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. १ स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको छ । यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट मिति २०७०/०३/०६ को पत्रानुसार स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ, लमजुङ, गुल्मी, रोल्पा र प्यूठानमा आफ्नो कार्यक्रम विस्तार गर्न सक्ने गरी वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरेको छ । संस्थाले २०७०/०४/०१ गतेदेखि कारोबार सञ्चालनमा ल्याई हाल यस वित्तीय संस्थाको तिस (३०) वटा शाखाहरु रहेका छन् । ती शाखा कार्यालयहरुको नाम र ठेगाना क्रमशः निम्नानुसार रहेको छ ।

क्र.सं.	कार्यालयहरुको नाम	ठेगाना	क्र.सं.	कार्यालयहरुको नाम	ठेगाना
१	शाखा कार्यालय, स्याङ्जा	स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वार्ड नं. १	१६	शाखा कार्यालय, हटिया	बागलुङ जिल्ला, गल्कोट नगरपालिका वार्ड नं. ३, हटिया
२	शाखा कार्यालय, थुमपोखरा	स्याङजा जिल्ला, वालिङनगरपालिका वार्ड नं.१३, बायाँटारी	१७	शाखा कार्यालय, शान्तीपुर	गुल्मी जिल्ला, चन्द्रकोट गाउँपालिका वार्ड नं. ४, शान्तीपुर
३	शाखा कार्यालय, डिमुवा	पर्वत जिल्ला, मोदी गाउँपालिका वार्ड नं. ६, डिमुवा	१८	शाखा कार्यालय, टक्सार	लमजुङ जिल्ला, मध्यनेपाल नगरपालिका वार्ड नं. २, टक्सार
४	शाखा कार्यालय, माझफांट	पर्वत जिल्ला, जलजला गाउँपालिका वार्ड नं.३, वारीबेनी	१९	शाखा कार्यालय, त्रिवेणी	पर्वत जिल्ला, पैयुँ गाउँपालिका वार्ड नं. २ त्रिवेणी
५	शाखा कार्यालय, कुस्मिशेरा	बागलुङ जिल्ला, जैमिनी नगरपालिका वार्ड नं. १, कुस्मिशेरा	२०	शाखा कार्यालय, सिमलटारी	गुल्मी जिल्ला, मालिका गाँउपालिका वार्ड नं. ८, सिमलटारी
६	शाखा कार्यालय, दरवाङ	म्याग्दी जिल्ला, मालिका गाउँपालिका वार्ड नं.६ दरवाङ	२१	शखा कार्यालय, लिवाङ	रोल्पा जिल्ला, रोल्पा नगरपालिका वार्ड नं. ४, लिवाङ
७	शाखा कार्यालय, मिर्मी	स्याङ्जा जिल्ला, कालिगण्डकी गाउँपालिका वार्ड नं.७, मिर्मी	२२	शाखा कार्यालय, दाखाक्वाडी	प्यूठान जिल्ला, प्यूठान नगरपालिका वार्ड नं.२, क्वाडी
८	शाखा कार्यालय, दामाचौर	स्याङ्जा जिल्ला, चापाकोट नगरपालिका वार्ड नं. २, दामाचौर	२३	शाखा कार्यालय, मच्छी	प्यूठान जिल्ला, झिमरुक गाउँपालिका वार्ड नं. ५, मच्छी
९	शाखा कार्यालय, करपुटार	लमजुङ जिल्ला, मध्य नेपाल नगरपालिका वार्ड नं.७, करपुटार	२४	शाखा कार्यालय, विरुवा	स्याङजा जिल्ला, विरुवा गाउँपालिका वार्ड नं.१ विरुवा
१०	शाखा कार्यालय, वामीटक्सार	गुल्मी जिल्ला, मुसिकोट नगरपालिका वार्ड नं.७, वामीटक्सार	२५	शाखा कार्यालय, बुर्तिवाङ	बागलुङ जिल्ला, ढोरपाटन नगरपालिका वार्ड नं.१, बुर्तिवाङ
११	शाखा कार्यालय, बलेटक्सार	गुल्मी जिल्ला, रुरु गाउँपालिका वार्ड नं.४, बलेटक्सार	२६	शाखा कार्यालय, भिंग्री	प्यूठान जिल्ला, स्वर्गद्वारी नगरपालिका वार्ड नं.४, भिगृ
१२	शाखा कार्यालय, रानीकुवा	लमजुङ जिल्ला, बेसीशहर नगरपालिका वार्ड नं. २, रानिकुवा	२७	शाखा कार्यालय, चामे	मनाङ जिल्ला, चामे गाउँपालिका वार्ड नं.३, चामे
१३	शाखा कार्यालय, गौडाकोट	गुल्मी जिल्ला, गुल्मीदरवार. गाउँपालिका वार्ड नं. ३ गौडाकोट	२८	शाखा कार्यालय, जोमसोम	मुस्ताङ जिल्ला, धरापजोङ्ग गाउँपालिका वार्ड नं.५, जोमसोम
१४	शाखा कार्यालय, फेदिखोला	स्याङ्जा जिल्ला, फेदीखोला गाउँपालिका वार्ड नं.२, फेदिखोला	२९	शाखा कार्यालय, अर्जुनचौपारी	स्याङ्जा जिल्ला, अर्जुनचौपारी गाउँपालिका वार्ड नं.१, अर्जुनचौपारी
१५	शाखा कार्यालय, मजुवा	गुल्मी जिल्ला, चन्द्रकोट गाउँपालिका वार्ड नं. ८, मजुवा	३०	शाखा कार्यालय, तम्घास	गुल्मी जिल्ला रेसुङ्गा नगरपालिका, वार्ड नं. ४, तम्घास

यस वित्तीय संस्थाले भविष्यमा नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार थप शाखा, उपशाखा वा अन्य कार्यालय खोली देशका अन्य भागमा पनि वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संक्षिप्त परिचय : यस वित्तीय संस्था नेपालमा स्थापित सीमित दायित्व भएको वित्तीय संस्था हो । यस वित्तीय संस्थाले मिति २०६८/०२/३० गते नेपाल राष्ट्र बैंकबाट संस्थापकले लिन कबुल गरेको कुल शेयर पूँजीको ५ प्रतिशत रकम जम्मा गर्ने सैद्धान्तिक सहमती पत्र पाएको थियो भने २०६९/०८/१९ गते कम्पनी रजिष्ट्रारको कार्यालयलाई वित्तीय संस्था दर्ता गर्ने बारेको पत्र दिइएको थियो र सोही आधारमा मिति २०६९ साल पुष २ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी दर्ता नं.१०८११७/०६९/०७० को प्रमाण पत्र प्राप्त गरेको छ ।

वित्तीय संस्थाले मिति २०७० आषाढ ६ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त गरेको छ । मिति २०७०/०४/०१ गतेदेखि कारोवार संचालनमा ल्याएको हो र हाल ३० वटा शाखाहरु सञ्चालनमा ल्याएको छ ।यस वित्तीय संस्थाको संस्थापकहरुमा स्थानीय व्यवसायीहरु संलग्न रहेका छन् ।

उद्देश्यहरु : वित्तीय संस्थाको प्रवन्ध पत्रको दफा ३ र नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी (पहिलो संसोधन) ऐन, २०७४ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हित संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पधाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराउने ।
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।
(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवमृ रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने कार्यका लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
(घ) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र
(ङ) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

५. शेयर पूँजीको संरचना :

अधिकृत पूँजी : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.८,००,००,०००/- (अक्षेरेपी आठ करोड) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ८,००,००० (आठ लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
जारी पूँजी : यस वित्तीय संस्थाको जारी पूँजी रु.६,८०,००,०००/- (अक्षेरेपी छ करोड असी लाख) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ६,८०,००० (छ लाख असी हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पूँजी : हाल यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.४,००,००,०००/- (अक्षेरेपी चार करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ४,००,००० (चार लाख मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको चुक्ता पूँजी रु.६,८०,००,०००/- (अक्षेरेपी छ करोड असी लाख मात्र) हुनेछ ।

६. हकप्रद शेयर निष्कासन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनी	शेयर कित्ता	चुक्ता रकम (रु.)	पूँजी संरचना (%)	भुक्तानी प्रतिशत
"क"	संस्थापक शेयरधनीहरु	४,७६,०००	४,७६,००,०००/-	७०	शतप्रतिशत
"ख"	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	२,०४,०००	२,०४,००,०००/-	३०	शतप्रतिशत
	जम्मा	६,८०,०००	६,८०,००,०००/-	१००	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सि.नं.	सञ्चालकको नाम	ठेगाना	शैक्षिक योग्यता	अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व
१	श्री अनन्त कुमार श्रेष्ठ	अध्यक्ष	एम.ए. बि.एड	- निर्देशक गोल्डेन आई एकेडेमी प्रा.लि.-५ वर्ष । - अध्यक्ष सूर्योदय क्लब-१६ वर्ष । - सल्लाहकार नेपाल घरेलु तथा साना उद्योग महासंघको-८ बर्ष । - संस्थापक युवा गैर सरकारी संस्था महासंग नेपाल-४ बर्ष ।	३९	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा. वार्ड नं.३ , भाईटारी टोल, घर नं.१२५	२०,६००
२	श्री गुडाखर सापकोटा	संचालक	एम.ए., एम.बि.ए., बि.एल	- प्रबन्ध निर्देशक गोल्डेन आई एकेडेमी-८ बर्ष । - गोल्डेन सहकारीमा आवद्धता । - अध्यक्ष अन्धाअन्धी सामुदायिक विकास केन्द्रमा-१२ बर्ष । - गा.वि.स अध्यक्ष चिलाउनेबास गा.वि.स. (२०४९-२०५९)	४८	नेपाली	स्याङ्जा जिल्ला, आधिंखोला गाँउपालिका वार्ड नं. २	१८,०००
३	श्री गोबिन्द प्रसाद शर्मा	संचालक	वि.एड	- सूर्योदय क्लबको सल्लाहकार । - शिशु निकेतन आ.मा.वि. मा ८ वर्ष मेनेजरको रुपमा कार्यरत ।	३९	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा. वार्ड नं.३, गुडीखोला	९,०००
४	श्री एक बहादुर गोदार	संचालक	एम.ए.	- स्याङ्जा एफ.एम. को स्टेशन मेनेजर । - सूर्योदय क्लबको सचिव ।	३५	नेपाली	स्याङ्जा जिल्ला, पुतलीबजार, न.पा.-३, घर नं. १५९	८,०००
५	प्रा.देवनारायण सुतिहार	बिशेषज्ञ संचालक	एम.ए	- पृथ्वीनारायण क्याम्पस, पोखरामा प्राध्यापन पेशामा ३५ बर्ष देखि रहेको ।	५९	नेपाली	बिसहरिया- ५, सप्तरी	नभएको

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम : मोक्ष प्रसाद पंगेनी **ठेगाना** : सुनवल नगरपालिका वार्ड नं. ७ तरगौली, नवलपरासी (पहिलाको ठेगाना स्वेरेक ३ स्याङ्जा) **योग्यता** : स्नातकोत्तर (एमबिए) त्रिभुवन बिश्वविद्यालयबाट
अनुभव : १९ वर्ष लघुवित्त बैंकिङ क्षेत्रमा कार्य गरेको अनुभव ।
२०४६ माघ देखि २०५१ सम्म नेपाल सरकारको विभिन्न कार्यालयहरुमा प्रशासन सेवामा कार्यरत ।
२०५५ बैशाख देखि २०७० सम्म बैशाख सम्म निर्धन उत्थान बैंक लि.मा सहायक प्रबन्धक पदबाट सेवा प्रबेश गरि बरिष्ठ प्रबन्धक पदबाट आवकाश लिएको ।
२०७० चैत्र देखि सूर्योदय लधुवित्त वित्तीय संस्थामा प्रमुख कार्यकारी पदमा कार्यरत रहेको र हाल दोस्रो कार्यकालमा कार्यरत रहेको ।

८. सञ्चालक समितिको बनौट :

वित्तीय संस्थाको नियमावलीमा ८ जनाको सञ्चालक समिति रहने, जसमा संस्थापक समूहबाट मनोनित/ निर्वाचित ५ (पाँच) जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुने व्यवस्था भएको तर प्राथमिक शेयर निष्काशन पछि पनि सर्वसाधारण शेयरधनीहरुबाट २ जना निर्वाचित गर्न नसकिएको र हालसम्म सञ्चालक समिति देहाय बमोजिमका सञ्चालकहरु रहेका छन ।

समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित सञ्चालकहरु	४(चार) जना*
समूह "ख" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	नभएको*
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित स्वतन्त्र सञ्चालक	१ (एक) जना
जम्मा	५ (पाँच) जना

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन । सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

* संस्थापक शेयरधनीहरुबाट निर्वाचित ५ जना संचालकहरु मध्ये १ जना सञ्चालक श्री हुम बहादुर कुमालले मिति २०७४।०७।३० गते निजले दिएको राजिनामा स्वीकृत भएकोले संस्थापकहरु मध्ये ४ जना मात्र सञ्चालक समितिमा रहेका छन् ।
* यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता साधारण शेयर लिएको हुनु पर्ने र हालसम्म कुनैपनि सर्वसाधारण शेयरधनीहरुको १०० कित्ता शेयर नभएको हुनाले सर्वसाधारण शेयरधनीहरुबाट २ जना निर्वाचित गर्न नसकिएको ।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

वित्तीय संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ४,००,००० कित्ताको १० : ७ (अर्थात विद्यमान दश साधारण शेयर बराबर सात कित्ता नयाँ साधारण शेयरका दरले) को अनुपातमा प्रतिशेयर रु.१००/- का दरले जम्मा २,८०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

कुनै शेयरधनीले आफुले हकप्रद शेयर खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि पनि दरखास्त दिन पाइने छ । यसरी कम शेयरका लागि दरखास्त दिएमा सोहि बमोजिम नै गणना कायम गरिनेछ । दरखास्त साथ प्रति शेयर रु.१००/- का दरले आवेदन गर्ने शेयर संख्यालाई गुणान गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा साविकका संस्थापक शेयरधनीहरुले हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने छन् वा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २० बमोजिम बाँकी रहेको शेयरसंगठित संस्थाले सार्वजनिक रुपमा सूचना प्रकाशित गरी लिलाम बढाबढ प्रकृया अवलम्बन गरी बिक्रि गरिने छ ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न पाइने छैन । हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरी आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरी शेयर आवेदन दिन पाइने छैन ।

१३. वित्तीय संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

रकम रु.हजारमा

पूँजी तथा दायित्व	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब.२०७१/७२	आ.ब.२०७२/७३	आ.ब.२०७३/७४	२०७४ आश्विन मसान्त	आ.ब.२०७४/७५	आ.ब.२०७५/७६	आ.ब.२०७६/७७
१. शेयर पूँजी	२८,०००	२८,०००	४७,६००	४७,६००	९५,२००	१,१४,२४०	१३७,०८८
२. जगेडा तथा कोषहरु	२,४०४	१७,३७३	३३,३५०	३८,१२४	३८,५९८	४८,८१०	६१,०८७
३. ऋणपत्र तथा बन्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	१,९७,९९३	३२,८५५	४,०१,१३०	४,४३,०७४	६,०१,८१४	७,२२,१७७	८,६३,०१९
५. निक्षेप दायित्व	५३,०५३	१३१,७८२	२,५१,२२५	२,८४,२३९	२,९२,०६८	३,५०,४८१	४,२०,५७८
६. प्रस्तावित नगद लाभांश	-	-	४००	-	-	-	-
७. आयकर दायित्व	-	९०	-	२,०४६	-	-	-
८. अन्य दायित्व	१,०१६	१०,८३९	२२,५३१	३३,६७२	१८,५१२	२२,१९०	२६,६३२
कूल पूँजी तथा दायित्व	२,८२,४६६	५,१२,९४०	७,५६,२३७	८,४८,७५५	१०,४६,१९२	१२,५७,८९९	१५,०८,४०४

सम्पत्ति	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब.२०७१/७२	आ.ब.२०७२/७३	आ.ब.२०७३/७४	२०७४ आश्विन मसान्त	आ.ब.२०७४/७५	आ.ब.२०७५/७६	आ.ब.२०७६/७७
१. नगद मौज्दात	३९५	५४४	६४९	८१६	२,२६९	२,७२२	३,२६७
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-	-	-	-	-
३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात	५६,५८४	७८,७०५	३८,००४	४,०००	१,२३,६७५	१,४८,४१०	१,७८,०९२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-		४६,२०१	५,५०२	९,०८३	९,८३१
५. लगानी	-	-	७१,०००	१,११,०००	-	-	-
६. कर्जा, सापट तथा बिल खरीद	२,२१,२४७	४२७,५९१	६,३२,५९०	६,६५,३९७	८,९२,३८३	१०,७०,८६०	१२,८५,०३१
७. स्थिर सम्पत्ति	३,१९९	५,००७	१०,१६८	१०,५३९	१५,५०१	१८,६०२	२२,३२२
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१,०४०	१,०९३	३,८२५	१०,८०१	६,८६१	८,२२१	९,८५९
कूल सम्पत्ति	२,८२,४६६	५,१२,९४०	७,५६,२३७	८,४८,७५५	१०,४६,१९२	१२,५७,८९९	१५,०८,४०४

नाफा-नोक्सान हिसाब

रकम रु.हजारमा

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब.२०७१/७२	आ.ब.२०७२/७३	आ.ब.२०७३/७४	२०७४ आश्विन मसान्त	आ.ब.२०७४/७५	आ.ब.२०७५/७६	आ.ब.२०७६/७७
१. व्याज आम्दानी	२८,५०६	६५,५३७	१,१४,९०६	३१,८६६	१,३१,०३०	१,५७,२३६	१,८८,६८३
२. व्याज खर्च	१०,८७६	२४,१७१	४४,८०४	१७,१३४	६१,२९८	७३,५५७	८८,२६९
खुद व्याज आम्दानी	१७,६३०	४१,३६६	७०,१०१	१४,७३२	६९,७३२	८३,६७८	१,००,४१४
३. कमिशन तथा डिस्काउण्ट	४,२३१	८,२९२	१२,३३०		२५,७४२	३०,८९१	३७,०६९
४. अन्य संचालन आम्दानी	-	-	-	६,६३४	-	-	-
५. सटही घटबढ आम्दानी	-	-	-		-	-	-
कूल सञ्चालन आम्दानी	२१,८६१	४९,६५८	८२,४३१	२१,३६६	९५,४७४	१,१४,५६९	१,३७,४८३
६. कर्मचारी खर्च	८,८०२	१६,८५६	२७,६९५	९,५३५	३०,१००	३६,३०५	४३,६१३
७. अन्य सञ्चालन खर्च	४,२९९	७,१९४	१२,९१७	३,३९९	२५,३०१	३०,३९९	३६,३९७
८. सटही घटबढ नोक्सान	-	-	-		-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा	८,७५९	२५,६०८	४१,८१९	८,४३२	४०,०७३	४७,८६४	५७,४७३
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	१,५०२	२,०८४	४,१४२	९३०	१,०२६	१,८९७	२,२७७
सञ्चालन मुनाफा	७,२५७	२३,५२३	३७,६७८	७,५०१	३९,०४७	४५,९६७	५५,१९६
१०.गैर संचालन आम्दानी/(खर्च)	-	-	-	-	-	-	-
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-	-	-	-	-	-
नियमित कारोबारबाट भएको मुनाफा	७,२५७	२३,५२३	३७,६७७	७,५०१	३९,०४७	४५,९६७	५५,१९६
१२. असामान्य कारोबारहरुबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा	७,२५७	२३,५२३	३७,६७७	७,५०१	३९,०४७	४५,९६७	५५,१९६
१३.कर्मचारी बोनस व्यवस्था	६६०	२,१३८	३,४२५	६८२	३,५४९	४,१७९	५,०१८
१४.आयकर व्यवस्था	९७६	६,४१५	१०,२७६	२,०४६	१०,६४९	१२,५३६	१५,०५३
यस वर्षको कर व्यवस्था	१,०५२	६,५२२	१०,४३७	२,०४६	१०,६४९	१२,५३६	१५,०५३
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-	-	-
यस वर्षको स्थगन कर (आम्दानी)/खर्च	(७६)	(१०७)	(१६१)	-	-	-	-
खुद नाफा/नोक्सान	५,६२१	१४,९६९	२३,९७६	४,७७४	२४,८४८	२९,२५२	३५,१२५
शेयर संख्या (हजारमा)	२८०	२८०	४००	४७६	७५६	९५२	१,१४२
प्रति शेयर आम्दानी (रु.)	२०	५३	६०	१०	३३	३१	३१

नेटवर्थ सम्बन्धी विवरण

रकम रु.हजारमा

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब.२०७१/७२	आ.ब.२०७२/७३	आ.ब.२०७३/७४	२०७४ आश्विन मसान्त	आ.ब.२०७४/७५	आ.ब.२०७५/७६	आ.ब.२०७६/७७
चुक्ता पूँजी	२८,०००	२८,०००	४०,०००	४७,६००	७५,६००	९५,२००	१,१४,२४०
जगेडा, कोष तथा संचित नाफा	२,४०४	१७,३७४	३३,३५०	३३,१२४	३८,५९८	४८,८१०	६१,०८७
प्रस्तावित वोनश शेयर	-	-	७,६००	-	१९,६००	१९,०४०	२२,८४८
जम्मा	३०,४०४	४५,३७४	८०,९५०	८५,७२३	१,३३,७९८	१,६३,०५०	१,९८,१७५
अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
जम्मा (नेटवर्थ)	३०,४०४	४५३७४	८०,९५०	८५,७२३	१,३३,७९८	१,६३,०५०	१,९८,१७५
शेयर संख्या (हजारमा)(प्रस्तावित वोनश शेयर वाहेक)	२८०	२८०	४७६	४७६	९५२	१,१४२	१,३७१
प्रति शेयर नेटवर्थ	१०८.५९	१६२.०५	१७०.०६	१८०.०९	१४०.५४	१४२.७३	१४४.५६
नेटवर्थमा प्रतिफल (%)	१८.४९	३२.९९	२९.६२	५.५७	१८.५७	१७.९४	१७.७२
नेटवर्थमा औषत प्रतिफल (%)	-	-	१४.९८	-	-	-	१८.०८
निष्कासन पूर्वको प्रति शेयर आम्दानि (EPS) कायम राख्न बृद्धि हुने नेटर्वथमा आवश्यक न्युनतम प्रतिफल प्रतिशत					४१.५९		

द्रष्टव्यः यस आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा लेखापरीक्षक एम.बि.एस.डि. एण्ड एशोसियट्सका, चार्टर्ड एकाउन्टेन्ट श्री सुब्रत ढकाल, हुनुहुन्छ ।

१४. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

क) नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार चढाबबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि संस्थाले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तामुखि सेवाहरु प्रदान गरी मध्यकालीन तथा दिर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने संस्थाको नीति रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छः

१५. हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्वर वा DMAT खाता नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली यस कम्पनीले तोकेको ढांचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
(ख) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा जनु रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिनु पर्नेछ ।
(ग) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
(घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्काशन बैंकको खातामा जम्मा गरी सोको सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
(ङ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
(च) यस हकप्रद शेयर निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश गर्ने तथा दरखास्तसाथ शेयर वापत रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावि गर्न पाउने छैनन् ।
(छ) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
(ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
(झ) निक्षेप सदस्यहरु मार्फत हितग्राहि खाता खोल्नु भएका लगानीकर्ता महानुभावहरुको हकमा हकप्रद शेयरको दरखास्त फारम बुझाउँदा दरखास्त फाममा स्पष्ट रुपमा आफूले निक्षेप खाता खोलेको निक्षेप सदस्यको सदस्यता नम्बर र हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ । कम्पनीको चुक्ता पूँजी नेपाल स्टक एक्सचेन्ज तथा सिडिएससिमा सूचिकृत भए पश्चात मात्र बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खाता जम्मा गरिने छ ।
(ञ) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरको आवेदन दिंदा हितग्राही खाता (DEMAT) हुनेहरुको हकमा सोझै हितग्राही खातामा जम्मा हुने गरी वितरण गरिने हुदाँ आफ्नो हितग्रही खाता (DEMAT Account) आवेदन फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ साथै हितग्राही खाता नहुनेहरुले आवेदन दिंदा आफ्नो होल्डर नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
(ट) रु.१० लाखभन्दा बढी रकमको हकप्रद शेयरको लागि आवेदन दिने शेयरधनीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) दरखास्त आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१६. यस वित्तीय संस्थाको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम शेयर मूल्य (रु.)	शेयर कारोबार संख्या
२०७१/७२	सूचिकरण नभएको ।			
२०७२/७३	सूचिकरण नभएको ।			
२०७३/७४	६७२	४८६	६७२	१७०

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम शेयर मूल्य (रु)	शेयर कारोबार संख्या
मंसिर	१२९३	११४०	१२९३	८०
पौष	१३१८	११३०	११९८	५०
माघ	१४७९	९२९	९२९	१४०

नोटः वित्तीय संस्थाको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आहवान गरेको शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको नियमावलीले तोके बमोजिम ३० दिनभित्र शेयरहरुको बाँडफाँट गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँटमा परेको शेयरधनीहरुलाई हकप्रद शेयर वितरण गरी निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ । हितग्राही खाता उल्लेख गर्ने शेयरधनीहरुलाई धितोपत्रहरु अभौतिक रुपमा हितग्राही खातामा नै जम्मा गरिने व्यवस्था गरिनेछ । कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागी मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम गरिने छ । कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउनेभन्दा बढी शेयरका लागी दरखास्त दिएमा बढी शेयर बाँडफाँट गर्न संस्था बाध्य हुनेछैन ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा बिवरणहरु मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको वितरण सम्बन्धित हितग्राहिको खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रिको व्यवस्था मिलाइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस संस्थाको केन्द्रीय कार्यालय स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १ बाट र सर्वसाधारण शेयरधनीहरुले यस संस्था वा निष्काशन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।

क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।
ख) मनोनयन भै शेयरको लागि आवेदन दिंदा धितोपत्र बजारको कारोबार इकाई अनुसार आवेदन दिनुपर्नेछ ।
ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।
घ) हक हस्तान्तरण गरी शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरी मनोनित भएको हुनुपर्ने छ ।
ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।
च) प्रस्तावित संस्थापक सेयरधनी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ ।
छ) प्रस्तावित संस्थापक सेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।
ज) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनुपर्ने छ ।
झ) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरी मनोनयन भएको हुनु पर्नेछ ।
ञ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।
ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) वित्तीय संस्थालाई सवल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पूँजी वृद्धि गर्न ।
ख) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
ग) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
घ) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी संस्थाको स्थितिलाई बढी मजबुत तुल्याइ राख्न

२१. हकप्रद शेयर निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ :

विवरण	रकम रु.
१. विपन्न वर्ग कर्जा	रु.२,००,००,०००।-
२. नयाँ शाखा खोल्ने क्रममा कम्प्युटर लगायत स्थीर सम्पत्तिहरु	रु.२०,००,०००।-
३. अनिवार्य नगद मौज्दात	रु.२०,००,०००।-
४. अन्य वित्तीय संस्थाको कर्जा तथा सदस्यहरुको वचत भुक्तानी	रु.४०,००,०००।-
कुल	रु.२,८०,००,०००।-

२२. निष्कासन बैंक (बैकर टु द ईस्यु) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री मेघा बैंक लिमिटेड, काठमाण्डौ ।	IS०२५००१००६९५९५

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिन भित्र सम्पूर्ण हकप्रद शेयर विक्री नभएमा हकप्रद शेयर विक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिने छ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएका "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौं
२.	श्री सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड, रजिष्टर्ड कार्यालय स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १, तथा अन्य शाखा कार्यालयहरु क्रमशः (१) साविकको मल्लाझ माझफाँट-३ पर्वत (हाल जलजला ३), (२) बलेटक्सार-४, गुल्मी (हाल रुरु गाँउपालिका-४) (३) गाँउशहर-२ लम्जुङ (४) प्युठान-२, क्याडी नेपाल ।
३.	आश्वाको सदस्य लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट आश्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने ।

साथै हकप्रद शेयरको दरखास्त फाराम निष्काशन कर्ता कम्पनी श्री सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडको वेबसाइट www.suryodayamfi.com.nptyf निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np मार्फत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । साथै शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण माथि उल्लेखित निष्काशनकर्ताको र बिक्री प्रबन्धकको वेबसाइटबाट हेर्नसक्ने व्यवस्था गरिएको छ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको त्रिी बन्द हुनुभन्दा अघिको मितिमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

२५. सञ्चालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु.३८,९२,०००/- रकम भुक्तानी गरेको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७४/११/२४ गते
निष्कासन बन्द हुने मिति : २०७४/१२/२८ गते (बैकिङ्ग समय पश्चात्)

सूर्योदय लघुवित्त वित्तीय संस्था लि.
Suryodaya Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालयः स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १
फोनः ९७७-६३-४२११८७, फ्याक्सः ९७७-६३-४२१२२७
इमेलः suryodayalaghubitta@gmail.com, वेबसाइटः www.suryodayalaghubitta.com.np
को

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फतः Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

सि.नं.
कोड नं. ☐☐☐

श्री संचालक समिति,
सूर्योदय लघुवित्त वित्तीय संस्था लि.
स्याङ्जा, पुतलीवजार नगरपालिका
महाशय,

शेयरधनी नं. ☐
हितग्राही खाता नं. DP ID ☐ CLIENT ID ☐

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/१०/२५ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा वित्तीय संस्थाले जारी गरेको १० शेयर बराबर नयाँ ७ (१० : ७) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)............. कित्ता गरि जम्मा..........कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.

प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गाउं पालिका/न.पा.	जिल्ला	
Address	House No./Ward no		Tole		Rural Municipality/Municipality	District	
सम्पर्क ठेगाना							
PAN No.			Phone No.		Mobile No.		
ना.प्र.प.नं./जारी स्थान			Email ID				
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फारममा खुलाइएको विवरण साँचो हो। झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टव्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
४. आफ्नो हक हस्तान्तरण (Renounce) गर्न चाहानु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको निवेदन दरखास्त फारामका साथ संलग्न गरि हकप्रद शेयर निष्काशन अवधीभित्र ग्लोबल आइएमई क्यापीटल लि., राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा सम्पर्क राखी उक्त शेयरको हक हस्तान्तरण (Renounce) गर्न सक्नेछन् ।
५. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फतः Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	Suryodaya Laghubitta Bittiya Sanstha Ltd.				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
Received by: **Shareholder No.** ☐ **DP ID** ☐
Date: **Stamp** **Code No.** ☐ **CLIENT ID** ☐

बाँडफाँडमा परेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
GROW WITH US
पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com